नेपाल फाईनान्स लिमिटेड
Nepal Finance Limited

"नेपाल राष्ट्र बैंकबाट "ग" बर्गको इजाजतपत्रप्राप्त संस्था" Head Office: Kamaladi, Kathmandu

# नेपाल फाईनान्स लिमिटेडबाट जारी भएको प्रेस विज्ञप्ती

यस नेपाल फाईनान्स लिमिटेडको २० देखि २७ औं बार्षिक साधारण सभा कोभिड १९ जस्तो महामारीको बाबजुत सम्पूर्ण शेयरधनीहरुको भौतिक तथा अभौतिक (भर्च्युअल) माध्यमबाट आज मिति २०७७ असोज १० गते, संस्थाको केन्द्रिय कार्यालय कमलादी काठमाण्डौंमा संचालक हरु प्राध्यापक श्री हिरेन्द्रमान प्रधान (Prof.Mr Hirendra Man Pradhan)(राष्ट्रिय योजना आयोगको सदस्य भइसक्नुभएका प्रा.श्री हिरेन्द्र मान प्रधान. -अध्यक्ष) , श्री चन्द्रकुमार राई(Mr.Chandra Kumar Rai ) ,श्री दिप्रश शाक्य (Mr.Diprash Shakya),श्री राजन प्रजापती (Mr.Rajan Prajapati) ,श्रीमती रोजीना श्रेष्ठ (Mrs.Rojina Shrestha), श्रीमती लक्ष्मी महर्जन (Mrs.Laxmi Maharjan) तथा स्वतन्त्र संचालक श्री आनन्द कृष्ण ताम्राकार (Mr.Ananda Krishna Tamrakar) लगायत आधारभुत शेयरधनीहरुको उपस्थितीमा सम्पन्न भएको छ ।

सो साधारणसभाले संस्थाको अधिकृत पूजी १ अर्ब र जारी तथा चुक्ता पूजी ८४ करोड २ लाख बनाउने निर्णय समेत गरेको छ । नेपाल राष्ट्र बैंकले ग बर्गका वित्तीय संस्थाको चुक्ता पूँजी ८० करोड पुऱ्याउन दिएको निर्देशन बमोजिम सो निर्णय गरेको हो । साथै साधारण सभाले यसका लागि आजैका मिति देखि सो प्रकृयालाई अगाडि बढाउने प्रस्तावलाई समेत पारित गरेको छ ।

२०४९ सालमा स्थापना भएको नीजि क्षेत्रको पहिलो फाइनान्स कम्पनीले स्थापनाकाल देखि हाल सम्म आफ्नै इतिहास वोकेको छ । यसको हाल सम्मको यात्रामा विभिन्न प्रकारका सफलताहरुका साथै कडा कठिनाईको चुनौतिहरुलाई सामाना गर्दै अघि वढिरहेको विषय पनि यहाँहरु मभ्क जगजाहेरै छ ।

यस संस्थालाई नयाँ ढंगले आफै संचालन गर्न सकिन्छ भन्ने अठोटका साथ केहि नयाँ शेयरधनीहरु समेतको सक्रियतामा यस संस्थाको चुक्तापूँजी रु ८४,०२,६५,५९४/- अक्षरेपी चौरासी करोड दुई लाख पैसाठ्ठी हजार पाँच सय चौरानब्बे मात्र) पुऱ्याउन १:१.७५ (एक बराबर एक दशमलब सात पाँच) को अनुपातमा हकप्रद शेयर जारी गर्ने बिशेष प्रस्ताव यसै साधारणसभाबाट पारित भएको समेत जानकारी गराउछौं । संस्थाको मिति २०७४ फागुन २९ गते सम्पन्न भएको बिशेष साधारण सभाको निर्णय बमोजिमको हाल कायम चुक्ता पूँजीको १:१.२५ को दरले हकप्रद शेयर जारी गर्ने गरी प्रकृया थालिएकोमा सोको धितोपत्र बोर्डबाट स्वीकृत हुने अन्तिम चरणमा रहेको छ जस अर्न्तगत आधारभुत लगानीकर्ता तथा संचालकहरुबाट उक्त हकप्रद शेयर बापतको रकम कल्स इन एडभान्समा जम्मा भइसकेको छ ।

हाल संस्थाको सुधार कार्यक्रम अन्तर्गत केहि अत्यावश्यक भौतिक सामाग्रीहरु परिवर्तनका साथै आन्तरिक व्यवस्थापनमा सवलिकरण गर्ने, संचालन जोखिमलाई न्यूनिकरण गर्ने उपायहरु समेत अवलम्वन गरिएको छ । अव आउने दिनहरुमा संस्थालाई आधुनिकिकरण गर्दै लैजाने रणनिति लिइएको छ ।

अवका दिनहरुमा संस्थाको सम्पतिको गुणस्तरमा वृद्धिगर्दै लैजाने योजना रहेको छ । यस संस्थाको व्यावसायिक सक्षमता अभिवृद्धि गर्नका लागि आधुनिक सूचना प्रविधिलाई अवलम्वन गर्दै लैजाने र संस्थाको कर्मठ तथा ईमान्दार कर्मचारीहरुलाई विभिन्न समयमा तालिम गोष्ठिको व्यवस्थापन गरी क्षमता अभिवृद्धि गरिदै लगिएको छ ।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathamndu 2049

नेपाल फाईनान्स लिमिटेड
Nepal Finance Limited

"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था" Head Office: Kamaladi, Kathmandu

यस संस्थाको प्रगति तथा संवृद्धिका लागि हामीले गरेका क्रियाकलापहरुमा समय-समयमा प्राप्त राय सुझावहरुलाई आत्मसाथ गर्दै यस संस्थासंग संवद्ध नियमनकारी निकायहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल सरकार, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सि.डि एस एण्ड क्लियरीङ लि. शेयर रजिष्ट्रार, सम्पूर्ण सञ्चार जगत, अन्य संघ संस्थाहरु तथा विषेश गरी ग्राहकवर्ग प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यस संस्थाले आफ्ना ग्राहकवर्गको हितलाई संरक्षण गरी विश्वसनीय तथा गुणस्तरीय सेवा प्रदान गर्दै संस्थाको प्रगतिमा कार्यरत रहने आफ्ना शेयरधनीहरुलाई उचित प्रतिफल प्रदानगर्दै जाने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

उध्दबराज थपलिया
प्रमुख कार्यकारी अधिकृत
मितिः २०७७/०६/१०
सम्पर्क फोन नं. : ९८५११११२५२

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049